ककनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानिपौवा, नुवाकोट
स्थापना: २०७३
बागमती प्रदेश, नेपाल

Phone: 010-411022, 010-411055
Email: ito.kakanimun@gmail.com
Website: kakanimun.gov.np

प.सं. ०८०/०८१
च.नं.

मिति: २०८१।०३।११

## नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन र सङ्कलन कार्य बन्द गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्रभित्रका नदी, खोला तथा खानीजन्य स्थानहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन गर्ने कार्य वर्षातको समयमा आउने बाढी, पहिरो, भूक्षयको कारण हुन सक्ने जोखिमलाई मध्यनजर गरी प्रचलित कानून "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७" (पहिलो संशोधन) को दफा ४ को उपदफा १६ बमोजिम २०८१ असार १ गतेदेखि २०८१ भाद्र मसान्तसम्म बन्द गरिएकोले नदीजन्य पदार्थ "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७" को दफा ४ को उपदफा ५ बमोजिम नदीजन्य पदार्थको उत्खनन सङ्कलन तथा विक्री वितरणको जिम्मा पाई यस गाउँपालिका भित्रका विभिन्न खोला तथा खानीजन्य स्थानहरुबाट नदीजन्य पदार्थ विक्री वितरण गरिरहेका ठेकेदार, फर्म तथा व्यक्तिहरुले संकलन भै स्टक भएको परिमाण ओसारपसार विक्रिवितरण वाहेक अब उप्रान्त उत्खनन तथा सङ्कलन कार्य नगर्न नगराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

कानून विपरीत नदी तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन तथा विक्री वितरण गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराइन्छ।

खम्बराज राई
प्रमुख प्रशसकीय अधिकृत

खम्बराज राई
प्रमुख प्रशासकीय अधिकृत